जि.प्रशा.का, बारा दर्ता नं. :- ८७/२०७८/०७९

जिल्ला हुलाक, बारा दर्ता नं. :- १७/२०७८/०७९

"समाचारले टुटछ ठूला-ठूलाको दंभ, त्यसकारण बजारमा आएको छ शुभआरम्भ"

# शुभ आरम्भ

Shubharambh National Daily राष्ट्रिय दैनिक

वर्ष ५ | अंक २६३ | २०८३ साल बैशाख २५ गते शुक्रवार | Friday-08-May-2026 | पृष्ठ संख्या-४ | मूल्य रू.५/-

## प्रहरीकै संरक्षणमा पर्साका वैकल्पिक नाकाबाट तस्करी बद्दो , सर्वसाधारण कडाइको मारमा

*शु.आ. संवाददाता*
*पर्सा, २४ वैशाख*

सरकारले राजस्व चुहावट नियन्त्रण गर्ने उद्देश्यसहित भारतीय बजारबाट एक सय रुपैयाँभन्दा बढी मूल्यको सामान ल्याउँदा अनिवार्य भन्सार तिर्नुपर्ने व्यवस्था कडाइका साथ लागू गरेपछि सीमावर्ती क्षेत्रका सर्वसाधारण प्रत्यक्ष प्रभावित बनेका छन् । तर, यही कडाइको बीचमा पर्साका विभिन्न वैकल्पिक नाकाबाट भने प्रहरीकै संरक्षणमा संगठित तस्करी मौलाउँदै गएको आरोप सार्वजनिक भएको छ।




स्थानीय स्रोतका अनुसार पर्साको सिरिसिया, ड्राइपोर्ट र अमरपट्टि आसपासका वैकल्पिक नाकाहरू प्रयोग गरी रातिको समयमा व्यापक रूपमा तस्करी भइरहेको छ। मोटरसाइकल, साइकल तथा साना सवारी साधनमार्फत कपडा, जुत्ताचप्पल, हार्डवेयर सामग्री, काजु, किराना सामानदेखि कम्प्युटरका पार्टपुर्जासम्म ठूलो परिमाणमा नेपाल भित्र्याइने गरिएको स्थानीयको दाबी छ।

सीमावर्ती बासिन्दाका अनुसार सामान्य उपभोगका लागि सानो परिमाणमा सामान ल्याउने सर्वसाधारण भने अहिले कडा निगरानी, सोधपुछ र भन्सार प्रक्रियाबाट हैरान भइरहेका छन् । सीमामा खटिएका सुरक्षाकर्मीले सर्वसाधारणमाथि कडाइ बढाए पनि संगठित तस्कर समूह भने निर्बाध रूपमा सक्रिय रहनुले सुरक्षा संयन्त्रकै भूमिकामाथि प्रश्न उठ्न थालेको छ।

स्थानीयवासीले वडा प्रहरी कार्यालय श्रीपुर अन्तर्गत परिचालित 'क्युआर टोली' माथि नै तस्करसँग मिलेमतो गरी रकम असुल्ने गरेको गम्भीर आरोप लगाएका छन् । विशेषगरी प्रहरी जवान दिपेश क्षेत्रीले आफूलाई राजनीतिक पहुँच भएको व्यक्ति भन्दै तस्करी लाइन व्यवस्थापन गर्ने गरेको चर्चा सीमाक्षेत्रमा व्यापक रूपमा फैलिएको स्थानीयको भनाइ छ।

स्थानीय व्यापारीहरूका अनुसार वैध रूपमा भन्सार तिरेर व्यवसाय सञ्चालन गर्ने व्यवसायीहरू अहिले सबैभन्दा बढी मारमा परेका छन् । अवैध रूपमा भित्रिने सामानका कारण बजारमा अस्वस्थ प्रतिस्पर्धा बढेको उनीहरूको गुनासो छ। "हामीले कानुनी प्रक्रिया पूरा गरेर सामान ल्याउँदा लागत बढ्छ, तर तस्करीको सामान सस्तोमा बजारमा आउँछ," एक व्यापारीले नाम नखुलाउने सर्तमा भने,

बाँकी तेश्रो पृष्ठमा

## मटिअर्वा छोटी भन्सार पुनः सञ्चालनको तयारी व्यापार र स्थानीय अर्थतन्त्र चलायमान हुने अपेक्षा

*शु. आ. सम्बाददाता*
*बारा, २४ वैशाख*

सीमावर्ती क्षेत्रका बासिन्दाको लामो समयदेखिको मागलाई सम्बोधन गर्दै सरकारले मटिअर्वा छोटी भन्सार पुनः सञ्चालनमा ल्याउने प्रक्रिया अगाडि बढाएको छ । स्थानीय आर्थिक गतिविधिलाई चलायमान बनाउने तथा सीमापार व्यापारलाई व्यवस्थित गर्ने उद्देश्यसहित सरकारले वीरगञ्ज भन्सार कार्यालय अन्तर्गत रहेको मटिअर्वा छोटी भन्सारलाई पुनः सञ्चालन गर्ने तयारी थालेको हो।



सरकारले देशभरका १८ वटा छोटी भन्सार सञ्चालन तथा व्यवस्थापनको सूचीमा मटिअर्वा छोटी भन्सारलाई समेत समावेश गरेको छ । यससँगै आवश्यक प्रशासनिक प्रक्रिया अघि बढाउने तयारी भइरहेको सम्बन्धित स्रोतले जनाएको छ।

लामो समयदेखि प्रभावकारी रूपमा सञ्चालन हुन नसकेको उक्त भन्सार पुनः सुचारु भएपछि सीमावर्ती क्षेत्रका व्यापारी, किसान तथा सर्वसाधारणलाई प्रत्यक्ष लाभ पुग्ने अपेक्षा गरिएको छ । स्थानीयवासीका अनुसार भन्सार सञ्चालनमा आएपछि सीमापार साना तथा मध्यमस्तरका व्यापारिक गतिविधि सहज हुने, आवागमन व्यवस्थित बन्ने तथा अवैध कारोबार नियन्त्रणमा समेत सहयोग पुग्ने विश्वास गरिएको छ।

स्थानीय सरोकारवालाहरूले मटिअर्वा नाकालाई व्यवस्थित गर्न भौतिक पूर्वाधार विकास आवश्यक रहेको बताएका छन् । यसै सन्दर्भमा बारा क्षेत्र नम्बर ३ का प्रतिनिधिसभा सदस्य अरविन्द साहले आगामी आर्थिक वर्षको बजेटमा मटिअर्वा भन्सारको पूर्वाधार निर्माण तथा व्यवस्थापनका लागि आवश्यक बजेट विनियोजन गर्न माग गरेको उनको सचिवालयले जनाएको छ ।

सांसद साहको सचिवालयका अनुसार नाकाको स्तरोन्नति, सडक पहुँच, कार्यालय भवन, सुरक्षा व्यवस्थापन तथा भन्सार सञ्चालनका आधारभूत संरचना निर्माण भएमा यस क्षेत्रको समग्र आर्थिक गतिविधिमा सकारात्मक प्रभाव पर्नेछ।


विगतमा तत्कालीन अर्थमन्त्री रामेश्वर प्रसाद खनालले छोटी भन्सार सञ्चालनसम्बन्धी निर्णय गरे पनि कार्यान्वयन प्रक्रिया प्रभावकारी रूपमा अघि बढ्न सकेको थिएन । अहिले उक्त निर्णय कार्यान्वयनको चरणमा पुगेको बताइएको छ।

बाँकी तेश्रो पृष्ठमा

## जिल्ला समन्वय समिति रौतहटको क्वाटरमा चोरी सुरक्षा व्यवस्थामाथि गम्भीर प्रश्नचिह्न

*शु. आ. सम्बाददाता*
*रौतहट, २४ वैशाख*

रौतहट जिल्लाको सदरमुकाम गौरस्थित जिल्ला समन्वय समितिको कर्मचारी क्वाटरमा चोरी भएको घटना सार्वजनिक भएपछि सरकारी कार्यालयको सुरक्षा व्यवस्थामाथि गम्भीर प्रश्न उठेको छ। सार्वजनिक बिदाको अवसर पारेर अज्ञात समूहले क्वाटरभित्र प्रवेश गरी चोरी गरेको प्रारम्भिक जानकारी प्राप्त भएको हो । जिल्ला समन्वय समितिका सूचना अधिकारी सिताराम खनालका अनुसार कार्यालय खुलेपछि घटनाबारे जानकारी प्राप्त भएको थियो । क्वाटरमा बसोबास गर्ने कर्मचारीहरू बिदाका कारण बाहिर रहेका बेला चोर समूहले सुनियोजित रूपमा भवनमा प्रवेश गरेको अनुमान गरिएको छ।



प्रारम्भिक अनुसन्धानअनुसार चोरहरूले क्वाटरको ढोका वा झ्याल फोडेर भित्र प्रवेश गरेका थिए । घटनास्थलबाट विभिन्न सरकारी जिन्सी सामग्री तथा महत्वपूर्ण सामान हराएको आशंका गरिएको भए पनि चोरी भएका सामग्रीहरूको यकिन विवरण भने हालसम्म सार्वजनिक गरिएको छैन । सम्बन्धित कार्यालयले क्षतिको विवरण संकलन गरिरहेको जनाएको छ।

घटनाको जानकारी पाएलगत्तै जिल्ला प्रहरी कार्यालय रौतहटबाट खटिएको विशेष टोलीले घटनास्थलको मुचुल्का उठाएर अनुसन्धान प्रक्रिया अघि बढाएको छ । प्रहरीले घटनास्थल वरपर रहेका सीसीटीभी फुटेजको अध्ययन गर्नुका साथै शंकास्पद व्यक्तिहरूको गतिविधिमाथि निगरानी बढाइएको जनाएको छ।

सदरमुकामकै सुरक्षित मानिने सरकारी आवास क्षेत्रमा चोरी भएको घटनाले कर्मचारी र स्थानीय बासिन्दामा त्रासको वातावरण सिर्जना गरेको छ। सरकारी निकायका कर्मचारी बसोबास गर्ने क्षेत्रमा समेत सुरक्षा कमजोर देखिनुले सुरक्षा संयन्त्रको प्रभावकारितामाथि प्रश्न उठेको स्थानीयको भनाइ छ।

स्थानीय बासिन्दा तथा कर्मचारीहरूले सरकारी कार्यालय र कर्मचारी आवास क्षेत्रमा सुरक्षाकर्मीको उपस्थिति बढाउन, नियमित निगरानी गर्न तथा रात्रिकालीन गस्तीलाई प्रभावकारी बनाउन माग गरेका छन् । पछिल्लो समय जिल्लामा चोरीका घटनाहरू बढ्दै गएको भन्दै उनीहरूले सुरक्षा व्यवस्थालाई थप सुदृढ बनाउन आग्रह गरेका हुन् ।

बाँकी तेश्रो पृष्ठमा

## पर्साका विद्यालयमा आइतबार बिदा हटाउन अभिभावक संघको माग

*हरिकिशोर शर्मा*
*पर्सा, २४ वैशाख*

अभिभावक संघ पर्साले पर्सा जिल्लाका विद्यालयहरूमा लागू गरिएको आइतबारको सार्वजनिक बिदा हटाउन माग गर्दै जिल्ला प्रशासन कार्यालय पर्सा तथा वीरगन्ज महानगरपालिकामा छुट्टाछुट्टै ज्ञापनपत्र बुझाएको छ । बिहीबार संघका अध्यक्ष सन्दीप साह नेतृत्वको टोलीले प्रमुख जिल्ला अधिकारी भोला दाहाल तथा वीरगन्ज महानगरपालिकाको शैक्षिक प्रशासन महाशाखाका प्रमुख आनन्द लामिछानेलाई ज्ञापनपत्र हस्तान्तरण गरेको हो ।



संघीय सरकारले सरकारी कार्यालयसँगै सामुदायिक तथा संस्थागत विद्यालयहरूमा पनि हप्तामा दुई दिन बिदा दिने व्यवस्था लागू गरेपछि पर्साका विद्यालयहरूमा शनिबारसँगै आइतबार पनि बिदा हुँदै आएको छ। तर अभिभावक संघले लगातार दुई दिन विद्यालय बन्द हुँदा विद्यार्थीहरूको पढाइमा प्रत्यक्ष असर परेको, समयमै पाठ्यक्रम पूरा गर्न कठिनाइ भइरहेको तथा शैक्षिक अनुशासन कमजोर बन्दै गएको जनाएको छ। संघका अध्यक्ष सन्दीप साहका अनुसार अतिरिक्त बिदाका कारण विद्यार्थीहरू अध्ययनभन्दा मोबाइल, टेलिभिजन र सामाजिक सञ्जालतर्फ बढी आकर्षित हुन थालेका छन् ।

"दुई दिन लगातार विद्यालय बन्द हुँदा बालबालिकाको अध्ययन बानी कमजोर हुँदै गएको छ," उनले भने, "यसले दीर्घकालीन रूपमा शैक्षिक गुणस्तरमै असर पार्ने देखिएको छ ।"

अभिभावक संघले शिक्षा नियमावलीअनुसार विद्यालय वर्षमा न्यूनतम २२० दिन पठनपाठन सञ्चालन हुनुपर्ने व्यवस्था रहेको उल्लेख गर्दै अनावश्यक बिदाले शिक्षण सिकाइ प्रक्रियामा नकारात्मक प्रभाव पारेको दाबी गरेको छ। ज्ञापनपत्रमा विद्यार्थीहरूको नियमित पठनपाठन सुनिश्चित गर्न, शैक्षिक वातावरणलाई प्रभावकारी बनाउन तथा विद्यार्थीलाई अनुशासित र जिम्मेवार बनाउन आइतबारको बिदा हटाउन आवश्यक रहेको उल्लेख गरिएको छ।

संघले स्थानीय तह, शिक्षा कार्यालय तथा सम्बन्धित निकायलाई विद्यालय सञ्चालनसम्बन्धी निर्णय गर्दा विद्यार्थीको भविष्य र शैक्षिक गुणस्तरलाई प्राथमिकतामा राख्न आग्रह गरेको छ। ज्ञापनपत्र बुझाउन गएको टोलीमा संघका कोषाध्यक्ष कन्हैया पटेल, अरविन्द वर्णमाला, रविन्द्र गुप्ता, नरेन्द्र तिवारी, सुबोध यादव, हरेन्द्र तिवारी तथा धिरेन्द्र तिवारीलगायतको सहभागिता रहेको थियो।

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - देवताल गाउँपालिका

**शुभ आरम्भ राष्ट्रिय दैनिकका लागी**

| | |
|---|---|
| प्रकाशक | : अनिल पाण्डेय |
| प्रधान सम्पादक | : दिपेन्द्र कुमार उपाध्याय |
| सम्पादक | : श्याम बिहारी साह केशरी |
| कार्यकारी सम्पादक | : उमेश दुवे |
| समाचार सम्पादक | : आ.के. ठाकुर |
| कानुनी सल्लाहकार | : प्रभातचन्द्र दाहाल |
| कम्प्यूटर अपरेटर | : कृष्णा गुप्ता |
| सम्पर्क नम्बर | : ९८४५२२६३०५ |
| सम्पर्क कार्यालय | : कलैया-१४, बघवन (बारा) |
| मुद्रक | : बारा प्रिन्टिङ्ग प्रेस, कलैया (बारा) |

shubharambhdaily@gmail.com

## सम्पादकीय..........

# विद्यालय तथा धार्मिक क्षेत्र नजिकका मदिरा पसल हटाऔं

विद्यालय ज्ञान, अनुशासन र भविष्य निर्माण गर्ने थलो हो भने धार्मिक स्थल समाजलाई नैतिकता, सद्भाव र संस्कारको मार्गदर्शन गर्ने केन्द्र हुन् । तर पछिल्लो समय विद्यालय, क्याम्पस, मठमन्दिर, मस्जिद तथा अन्य धार्मिक क्षेत्र वरिपरि मदिरा पसल सञ्चालन हुने क्रम बढ्दै गएको छ । यो अवस्था सामाजिक रुपमा चिन्ताजनक मात्र होइन, भावी पुस्ताको भविष्यसँग जोडिएको गम्भीर विषय पनि हो ।

विद्यालय नजिकै मदिरा पसल सञ्चालन हुँदा विद्यार्थीहरुमा नकारात्मक प्रभाव पर्नु स्वाभाविक हो । विद्यालय जाने बालबालिका र किशोरकिशोरीहरु संवेदनशील उमेर समूहका हुन्छन् । उनीहरु दैनिक रुपमा मदिराजन्य गतिविधि देख्न बाध्य हुँदा त्यसले मानसिकता, व्यवहार र जीवनशैलीमा असर पार्न सक्छ । अध्ययन र अनुशासनको वातावरण कमजोर बन्ने जोखिम पनि उत्तिकै रहन्छ ।

त्यसैगरी धार्मिक क्षेत्र वरिपरि मदिरा बिक्री हुनु धार्मिक आस्था र सामाजिक मर्यादाविपरीतको कार्य हो । धार्मिक स्थलहरु शान्ति, संयम र सदाचारको प्रतीक मानिन्छन् । यस्ता क्षेत्रको नजिक मदिरा कारोबार हुँदा स्थानीय समुदायमा असन्तुष्टि बढ्नु स्वाभाविक हो । कानुनी रुपमा पनि विद्यालय तथा धार्मिक क्षेत्र आसपास मदिरा बिक्री वितरणमा निश्चित मापदण्ड र प्रतिबन्धको व्यवस्था छ । तर कार्यान्वयन पक्ष कमजोर हुँदा नियम केवल कागजमै सीमित बनेको देखिन्छ । कतिपय स्थानमा पहुँच र स्वार्थका कारण यस्ता पसल खुलेआम सञ्चालन भइरहेका छन् ।

स्थानीय तह, प्रशासन र सम्बन्धित निकायले अब यस विषयलाई गम्भीर रुपमा लिनुपर्छ । विद्यालय, क्याम्पस तथा धार्मिक क्षेत्रको निश्चित दूरीभित्र सञ्चालन भएका मदिरा पसल हटाउने अभियान प्रभावकारी रुपमा अघि बढाउन आवश्यक छ । साथै नयाँ अनुमति दिने प्रक्रियामा पनि कडाइ गरिनुपर्छ ।

स्वस्थ समाज निर्माण गर्न बालबालिकाको भविष्य सुरक्षित हुनु आवश्यक छ । शिक्षा र नैतिकताको केन्ऽ मानिने क्षेत्रलाई मदिराजन्य प्रभावबाट मुक्त राख्नु राज्य र समाज दुवैको साझा जिम्मेवारी हो । त्यसैले विद्यालय तथा धार्मिक क्षेत्र नजिकका मदिरा पसल हटाउने कार्य अब ढिलाइ नगरी कार्यान्वयन गर्नुपर्छ ।

# सुरक्षित समाजका लागि अग्नि प्रतिरोधी पूर्वाधार



सञ्जय मण्डल

नेपालमा आगलागी सुरक्षा आजको समयको एक महत्वपूर्ण विषय हो । बढ्दो सहरीकरण, अव्यवस्थित विद्युत् प्रयोग र जनचेतनाको अभावका कारण आगलागीका घटनाहरू वर्षेनि बढ्दै गइरहेका छन् । यसले जनधनको ठूलो क्षति पुऱ्याउने गरेको छ । आगलागीका मुख्य कारणहरूमा विद्युत् सर्ट सर्किट, ग्यास चुहावट, लापरबाहीपूर्वक आगोको प्रयोग, औद्योगिक दुर्घटना र वन डढेलो पर्दछन् ।

विशेषगरी जाडो याममा हिटर र आगो बाल्ने चलनका कारण जोखिम अझ बढ्छ । ग्रामीण क्षेत्रमा परम्परागत चुलो र घाँस फुसका घरहरूका कारण आगो छिटो फैलिने सम्भावना रहन्छ । आगलागीबाट जोगिनका लागि केही महत्त्वपूर्ण सावधानीहरू अपनाउन आवश्यक छ । घरमा विद्युत् उपकरणहरू सुरक्षित रूपमा प्रयोग गर्ने, ग्यास सिलिन्डर नियमित जाँच गर्ने र बालबालिकालाई आगोसँग खेल्न नदिने जस्ता उपाय अत्यन्त उपयोगी हुन्छन् । साथै, आगो निभाउने उपकरणको प्रयोगबारे जानकारी हुनु पनि आवश्यक छ ।

नेपालमा दमकल सेवा विस्तार हुँदै गए पनि अझै धेरै ठाउँमा पहुँच पुगेको छैन । त्यसैले समुदाय स्तरमै आगलागी नियन्त्रणसम्बन्धी तालिम र सचेतना कार्यक्रमहरू सञ्चालन गर्नु आवश्यक छ । विद्यालय, कार्यालय र उद्योगहरूमा नियमित रूपमा 'फायर ड्रिल' अभ्यास गरिनु पनि जरुरी छ । आगलागी सुरक्षा केवल सरकारको जिम्मेवारी मात्र नभई प्रत्येक नागरिकको कर्तव्य हो । सचेतना, तयारी र सावधानी अपनाएमा हामी आगलागीका जोखिमहरूलाई धेरै हदसम्म कम गर्न सक्छौं ।

नेपाल सरकारको आगलागी सुरक्षासम्बन्धी कडा नीति आजको आवश्यकता बनेको छ । देशमा बढ्दो सहरीकरण, घना बस्ती र अव्यवस्थित निर्माणका कारण आगलागीका घटनाहरू बढ्दै गएका छन् । यस्ता घटनाबाट जनधनको क्षति न्यूनीकरण गर्न सरकारद्वारा प्रभावकारी तथा कडाइका साथ कार्यान्वयन गरिने नीतिहरू अत्यन्त आवश्यक छन् । नेपाल सरकारले भवन निर्माण मापदण्ड लागू गरेको भए पनि यसको पूर्ण पालना अझै चुनौतीपूर्ण रहेको छ । धेरै भवनहरूमा आवश्यक अग्नि सुरक्षा उपकरणहरू जस्तै फायर अलार्म, धुवाँ सेन्सर, 'फायर स्प्रिंकलर', 'फायर हाइड्रेन्ट' र 'फायर एक्सटिंगुइसर' जडान गरिएको हुँदैन । त्यसैले सरकारले यी मापदण्डहरूको अनिवार्य पालना गराउने, उल्लंघन गर्नेहरूलाई जरिवाना तथा कानुनी कारबाही गर्ने नीति अवलम्बन गर्नुपर्छ । आगलागी सुरक्षा सुदृढ गर्न स्थानीय तहको भूमिका पनि महत्त्वपूर्ण छ । नगरपालिकाहरूले भवन निर्माण अनुमति दिँदा अग्नि सुरक्षा मापदण्ड पूरा भएको सुनिश्चित गर्नुपर्छ ।

सार्वजनिक स्थल, विद्यालय, अस्पताल, होटल र उद्योगहरूमा नियमित रूपमा निरीक्षण र अनुगमन गरिनु झनै आवश्यक छ । सरकारले दमकल सेवाको विस्तार र आधुनिकीकरणमा पनि ध्यान दिनुपर्छ । देशका दुर्गम तथा ग्रामीण क्षेत्रमा दमकल सेवा अझै पर्याप्त रूपमा उपलब्ध छैन । त्यसैले आवश्यक उपकरण, तालिमप्राप्त जनशक्ति र द्रुत प्रतिक्रिया प्रणाली विकास गर्नु जरुरी छ । साथै, जनचेतना अभिवृद्धि पनि नीतिको महत्वपूर्ण पक्ष हो ।

विद्यालय, समुदाय र कार्यस्थलमा आगलागी सुरक्षासम्बन्धी तालिम र 'फायर ड्रिल' कार्यक्रमहरू सञ्चालन गर्नुपर्छ । सञ्चारमाध्यममार्फत सचेतना फैलाउनु पनि प्रभावकारी उपाय हुन सक्छ । नेपालमा आगलागी सुरक्षा सुनिश्चित गर्न कडा नीति मात्र पर्याप्त हुँदैन, त्यसको प्रभावकारी कार्यान्वयन पनि उत्तिकै आवश्यक छ । सरकार, स्थानीय निकाय, निजी क्षेत्र, र सर्वसाधारणबीचको सहकार्यले मात्र सुरक्षित र आगलागी जोखिममुक्त समाज निर्माण गर्न सकिन्छ ।

भवनमा आगलागी सुरक्षा आजको आधुनिक समाजमा अत्यन्तै महत्त्वपूर्ण विषय हो ।

विशेषगरी बहुमंजिला भवन, कार्यालय, विद्यालय, अस्पताल तथा आवासीय संरचनाहरूमा आगलागीको जोखिम बढी हुने भएकाले उचित सुरक्षा उपाय अपनाउनु आवश्यक हुन्छ । भवनमा आगलागी हुनुका मुख्य कारणहरूमा विद्युत् सर्ट सर्किट, ग्यास चुहावट, ज्वलनशील पदार्थहरूको असुरक्षित भण्डारण र लापरबाहीपूर्ण व्यवहार पर्दछन् । भवनभित्र सानो गल्तीले पनि ठूलो दुर्घटना निम्त्याउन सक्छ, जसले मानव जीवन र सम्पत्तिमा गम्भीर क्षति पुऱ्याउन सक्छ ।

आगलागीबाट बच्नका लागि भवन निर्माणको चरणदेखि नै सुरक्षा मापदण्डहरू पालना गर्नुपर्छ । भवनमा पर्याप्त आपत्कालीन निकास अग्नि चेतावनी प्रणाली (धुवाँ सेन्सर र आगो निभाउने उपकरण) जडान गरिनु अत्यावश्यक छ । साथै, यी उपकरणहरूको नियमित जाँच र मर्मतसम्भार पनि गरिनुपर्छ । भवनमा बसोबास गर्ने वा काम गर्ने व्यक्तिहरूलाई आगलागीसम्बन्धी सचेतना दिनु पनि महत्त्वपूर्ण हुन्छ । आकस्मिक अवस्थामा कसरी बाहिर निस्कने, कसरी आगो नियन्त्रण गर्ने, र कसरी उद्धार कार्य गर्ने भन्नेबारे तालिम दिनुपर्छ ।

नियमित रूपमा 'फायर ड्रिल' अभ्यासले आपत्कालीन अवस्थालाई प्रभावकारी रूपमा सामना गर्न मद्दत गर्छ । विशेषगरी, भवनभित्र धूम्रपान निषेध गर्नु, ग्यास र विद्युत् उपकरणहरू सावधानीपूर्वक प्रयोग गर्नु, र आपतकालीन मार्गहरू सधैं खुला राख्नु आवश्यक छ । यसले आगलागीको जोखिम घटाउन सहयोग पुऱ्याउँछ । भवनमा आगलागी सुरक्षा सुनिश्चित गर्नु सबैको साझा जिम्मेवारी हो । उचित योजना, सतर्कता र सचेतनाले हामीले ठूलो दुर्घटनाबाट जोगिन सक्छौं र सुरक्षित वातावरण निर्माण गर्न सक्छौं । विद्युत् पोलमा आगलागी हुनुका प्रमुख कारणहरूमा तारहरूको अत्यधिक चाप, पुराना तथा जीर्ण तार, सर्ट सर्किट, ट्रान्सफर्मरमा खराबी, र अव्यवस्थित तार जडान पर्छन् । कतिपय अवस्थामा अवैध रूपमा लाइन तान्ने कार्यले पनि जोखिम बढाउँछ । साथै, हावाहुरी, वर्षा र चट्याङजस्ता प्राकृतिक कारणहरूले पनि पोलमा क्षति पुऱ्याई आगलागी निम्त्याउन सक्छन् । पोल आगलागी हुँदा तुरुन्तै विद्युत् आपूर्ति बन्द हुन सक्छ, जसले दैनिक जनजीवनमा असर पार्छ ।

आगो फैलिँदै नजिकका घर, पसल वा अन्य संरचनामा क्षति पुऱ्याउने सम्भावना पनि रहन्छ । यस्तो अवस्थामा मानिसहरूले डरका कारण अनियन्त्रित प्रतिक्रिया देखाउन सक्छन्, जसले थप दुर्घटना निम्त्याउन सक्छ । यस समस्याबाट जोगिनका लागि सम्बन्धित निकायहरूले नियमित रूपमा विद्युत् पोल र तारहरूको निरीक्षण तथा मर्मतसम्भार गर्न आवश्यक छ । जीर्ण संरचनाहरूलाई समयमै प्रतिस्थापन गर्नु, लोड व्यवस्थापन गर्नु, र सुरक्षित प्रविधिको प्रयोग गर्नु अत्यावश्यक छ ।

सर्वसाधारणले पनि अवैध रूपमा विद्युत् प्रयोग नगर्ने, पोल वा तार नछुने र समस्या देखिएमा तुरुन्त सम्बन्धित कार्यालयमा जानकारी दिने बानी बसाल्नुपर्छ । आगलागी भएको अवस्थामा आफैंले नियन्त्रण गर्ने प्रयास नगरी सुरक्षित दूरीमा बस्नु र तत्काल दमकल वा विद्युत् प्राधिकरणलाई खबर गर्नु बुद्धिमानी हुन्छ । जनचेतना अभिवृद्धि र प्रविधिगत सुधारले मात्रै यस प्रकारका दुर्घटनाहरू न्यूनीकरण गर्न सकिन्छ । नेपालमा पोल आगलागी नियन्त्रण गर्न सरकार, विद्युत् प्राधिकरण, र सर्वसाधारण सबैको सहकार्य आवश्यक छ । सचेतना, नियमित जाँच, र जिम्मेवार व्यवहारले मात्रै हामी सुरक्षित वातावरण निर्माण गर्न सक्छौं ।

निष्कर्ष : नेपालमा आगलागी सुरक्षा एक गम्भीर चुनौती हो । विद्युत् सर्ट, ग्यास चुहावट र अव्यवस्थित सहरीकरणले यसको जोखिमलाई दिनानुदिन बढाइरहेका छन् । यस समस्याको समाधानका लागि भवन निर्माण मापदण्डको कडाइका साथ कार्यान्वयन, दमकल सेवाको आधुनिक विस्तार र नियमित अग्नि निरीक्षण अपरिहार्य छ ।

आगलागी नियन्त्रण सरकारी नीतिमा मात्र सीमित नभई नागरिकको कर्तव्य र सचेतनामा पनि उत्तिकै निर्भर गर्दछ । समुदाय स्तरमा तालिम, प्रविधिमैत्री पूर्वाधारको विकास र पूर्वतयारीले मात्र जनधनको ठूलो क्षति कम गर्न सकिन्छ ।

अन्ततः, सरकारको कडा नियमन र जनताको जिम्मेवारपूर्ण व्यवहारबीचको प्रभावकारी समन्वय नै अग्निमुक्त र सुरक्षित नेपाल निर्माणको बलियो आधार हो । सावधानी र सतर्कता नै जीवन रक्षाको सर्वोत्तम उपाय हो । नेपालमा आगलागी सुरक्षा एक गम्भीर चुनौती हो । विद्युत् सर्ट, ग्यास चुहावट र अव्यवस्थित सहरीकरणले यसको जोखिमलाई दिनानुदिन बढाइरहेका छन् । सावधानी र सतर्कता नै जीवन रक्षाको सर्वोत्ताम उपाय हो ।



## अन्तराष्ट्रिय समाचार

# मार्सल ल प्रकरणमा पूर्वप्रधानमन्त्रीको सजाय घट्यो

*एजेन्सी-* दक्षिण कोरियामा पूर्वराष्ट्रपति युन सुक योलले लागू गरेको विवादास्पद मार्सल ल प्रकरणसँग सम्बन्धित मुद्दामा पूर्वप्रधानमन्त्री हान डक-सूमाथि सुनाइएको जेल सजाय उच्च अदालतले घटाएको छ।

अदालतले विद्रोहमा संलग्न भएको आरोपलाई भने यथावत् कायम राख्दै उनको कैद सजाय २३ वर्षबाट घटाएर १५ वर्ष पुऱ्याएको हो। सियोल उच्च अदालतले बिहीबार सुनाएको फैसलामा हानले तत्कालीन राष्ट्रपति युनका अवैध कदमलाई वैधानिकता दिन सक्रिय भूमिका खेलेको निष्कर्ष निकालिएको छ।

अदालतका अनुसार मन्त्रिपरिषद् बैठकमार्फत मार्सल ल अनुमोदन गराउने प्रक्रिया अघि बढाउनु तथा प्रमुख सञ्चार संस्थाहरूको पानी र बिजुली काट्ने योजनामाथि छलफल गर्नु राज्यविरुद्धको असंवैधानिक कदमलाई संस्थागत रूप दिन गरिएको प्रयास थियो।

अदालतले हानमाथि लगाइएका अन्य आरोपहरू पनि पुष्टि गरेको छ। मार्सल ल घोषणासम्बन्धी दस्तावेज झुठो बनाएको, प्रमाण नष्ट गरेको तथा अदालतमा शपथपूर्वक झूट बोलेको आरोपमा उनी दोषी ठहर भएका छन्।

सियोल उच्च अदालतले आफ्नो फैसलामा हानको भूमिका अत्यन्त गम्भीर रहेको उल्लेख गरेको छ। अदालतले युन प्रशासनमा दोस्रो वरियताका अधिकारी रहेका हानले



आफ्नो संवैधानिक जिम्मेवारी पूरा गर्नुको सट्टा विद्रोहमा सहभागिता जनाएको टिप्पणी गरेको छ। अदालतले 'राष्ट्रप्रति भएको जिम्मेवारी त्यागेर असंवैधानिक कदमलाई सहयोग गर्नु गम्भीर अपराध' भएको जनाएको छ। यसअघि जनवरीमा सियोलको एक जिल्ला अदालतले हानलाई २३ वर्ष जेल सजाय सुनाएको थियो। त्यसको एक महिनापछि तत्कालीन राष्ट्रपति युन सुक योललाई पनि विद्रोहको आरोपमा आजीवन कारावासको सजाय सुनाइएको थियो। युनद्वारा नियुक्त प्रधानमन्त्री हानमाथि युनको सत्ता टिकाउन असंवैधानिक कदममा सहकार्य गरेको आरोप लागेको थियो। फौजदारी कानून विशेषज्ञ अधिवक्ता पार्क सुंगबेले जिल्ला अदालत र उच्च अदालत दुवैले हानको अपराधलाई गम्भीर रूपमा लिएको बताए। उनका अनुसार उच्च अदालतले सजाय घटाए पनि हानको भूमिका सामान्य नभएको निष्कर्षमा पुगेको देखिन्छ।

पार्कले हानको सजाय निर्धारण गर्दा मार्सल ल प्रकरणमा संलग्न अन्य अधिकारीसँग तुलना गरिएको बताए। विशेषगरी तत्कालीन गृहमन्त्री ली साङ-मिनलाई सात वर्ष जेल सजाय सुनाइएको अवस्थालाई ध्यानमा राख्दै हानका लागि १५ वर्षको सजाय उपयुक्त ठहर गरिएको उनको भनाइ छ।

विशेष अभियोजकले भने सुरुदेखि नै हानका लागि १५ वर्ष जेल सजाय माग गरेका थिए। तर जिल्ला अदालतले अपेक्षाभन्दा कडा फैसला सुनाउँदै २३ वर्षको सजाय दिएको थियो। कानूनी विश्लेषकहरूका अनुसार त्यो सजाय कठोर भए पनि अपराधको प्रकृतिअनुसार असामान्य भने थिएन। अब हान र सरकारी अभियोजन पक्ष दुवैलाई बिहीबारको फैसलाविरुद्ध दक्षिण कोरियाको सर्वोच्च अदालतमा पुनरावेदन गर्न सात दिनको समय दिइएको छ।

छयत्तर वर्षीय हान दक्षिण कोरियाका अनुभवी प्रशासनिक अधिकारी मानिन्छन्। चार दशकभन्दा लामो सार्वजनिक सेवामा उनले दुई पटक प्रधानमन्त्रीको जिम्मेवारी सम्हालेका थिए। पहिलोपटक सन् २००७ देखि २००८ सम्म तत्कालीन उदारवादी राष्ट्रपति रोह मो-ह्युनको नेतृत्वमा र पछि कन्जरभेटिभ राष्ट्रपति युन सुक योलको कार्यकालमा उनी प्रधानमन्त्री बनेका थिए।

युन सुक योलमाथि महाभियोग लागेपछि कार्यवाहक नेतृत्व सम्हाल्ने तीन वरिष्ठ अधिकारीमध्ये हान पनि एक थिए। युनले डिसेम्बर २०२४ मा मार्सल ल घोषणा गरेपछि देशभर व्यापक राजनीतिक संकट उत्पन्न भएको थियो। संसद्ले त्यसको विरोध गर्दै युनलाई निलम्बन गरेको थियो।

पछि दक्षिण कोरियाको संवैधानिक अदालतले गत वर्ष अप्रिलमा युनलाई स्थायी रूपमा पदमुक्त गर्ने फैसला सुनाएको थियो। त्यसपछि भएको आकस्मिक निर्वाचनमा उदारवादी नेता ली जे-म्युङ विजयी भई राष्ट्रपतिको पदमा पुगेका थिए।

मार्सल ल प्रकरणपछि दक्षिण कोरियाको राजनीति गहिरो ध्रुवीकरणमा पुगेको छ। पूर्वराष्ट्रपति युन र उनका निकट सहयोगीमाथि चलेका मुद्दालाई आधुनिक दक्षिण कोरियाली इतिहासकै सबैभन्दा ठूलो संवैधानिक संकटमध्ये एक मानिएको छ।

## प्रहरीकै.........

"यसले वैध व्यवसाय धराशायी हुने अवस्था आएको छ।"

स्रोतका अनुसार रातिको समयमा सीमाक्षेत्रमा निश्चित समूहलाई सहज आवतजावतको वातावरण मिलाइने गरिएको छ। कतिपय अवस्थामा सुरक्षाकर्मीको निगरानी नै औपचारिकतामा सीमित हुने गरेको आरोप स्थानीयको छ। यसले राज्यको राजस्वमा ठूलो क्षति पुग्नुका साथै सीमावर्ती क्षेत्रमा आपराधिक गिरोहको प्रभाव समेत बढ्दै गएको चिन्ता व्यक्त गरिएको छ।

सरकारले भ्रष्टाचार र तस्करीविरुद्ध "शून्य सहनशीलता" नीति लिएको दाबी गरिरहे पनि वडा प्रहरी कार्यालय श्रीपुरका प्रहरी निरीक्षक नवीन थापा मगरको मौनता र मातहतका सुरक्षाकर्मीमाथि उठिरहेका आरोपले स्थानीय प्रशासनको प्रभावकारितामाथि प्रश्नचिन्ह खडा गरेको छ।

स्थानीय नागरिक समाजका अगुवाहरूले तस्करी नियन्त्रणका नाममा सर्वसाधारणमाथि मात्र कडाइ गरेर संगठित गिरोहलाई संरक्षण गरिनु गम्भीर विषय भएको बताएका छन्। उनीहरूले सीमाक्षेत्रमा हुने गतिविधिबारे निष्पक्ष छानबिन गरी दोषीमाथि कारबाही गर्न माग गरेका छन्। यता, सम्बन्धित सुरक्षा निकायले भने तस्करी नियन्त्रणका लागि नियमित निगरानी र गस्ती भइरहेको दाबी गर्दै आएको छ। तर, सीमाक्षेत्रमा भइरहेको अवैध कारोबार र स्थानीयस्तरबाट उठिरहेका लगातारका गुनासाहरूले सरकारी दाबीमाथि नै प्रश्न उठाइरहेको छ।

## जिल्ला........

प्रहरीले चोरीमा संलग्न समूहको पहिचानको काम भइरहेको जनाएको छ। "घटनालाई गम्भीर रूपमा लिएर सूक्ष्म अनुसन्धान गरिरहेका छौं, संलग्न व्यक्तिहरू कानुनी दायराबाट उम्कन पाउने छैनन्," जिल्ला प्रहरी कार्यालय रौतहटका एक अधिकारीले बताएका छन्। यता जिल्ला समन्वय समितिले पनि कर्मचारीहरूको सुरक्षा तथा सरकारी सम्पत्तिको संरक्षणका लागि थप सुरक्षा उपाय अपनाउने तयारी भइरहेको जनाएको छ। बिदाको समयमा सरकारी आवासहरू असुरक्षित बन्न सक्ने अवस्थालाई यस घटनाले उजागर गरेको भन्दै दीर्घकालीन सुरक्षा योजना आवश्यक रहेको सरोकारवालाहरूको धारणा छ।

## मटिअर्वा.......

यसैबीच बारा क्षेत्र नम्बर २ बाट निर्वाचित प्रतिनिधिसभा सदस्य चन्दन कुमार सिंहले आगामी जेठ १५ गते प्रस्तुत हुने बजेट भाषणपछि वर्तमान अर्थमन्त्री स्वर्णिम वाग्लेद्वारा मटिअर्वा सहित अन्य छोटी भन्सार नाकाहरूको समेत अनुगमन गरी थप व्यवस्थित र प्रभावकारी रूपमा सञ्चालन गरिने अपेक्षा व्यक्त गरेका छन्।

स्थानीय बासिन्दाले मटिअर्वा छोटी भन्सार पुनः सञ्चालनमा आएपछि रोजगार, व्यापार तथा राजस्व संकलनमा सकारात्मक प्रभाव पर्ने विश्वास व्यक्त गरेका छन्। सीमाक्षेत्रमा आर्थिक गतिविधि विस्तार गर्न र वैध व्यापारलाई प्रोत्साहन गर्न सरकारले शीघ्र कार्यान्वयनमा ध्यान दिनुपर्ने उनीहरूको माग छ।

# डोजर चलाउने तयारीविरुद्ध आन्दोलन चर्कियो, निजगढका सुकुम्वासीको पक्षमा एमालेको पनि समर्थन

*शु. आ. सम्बाददाता*
*बारा, २४ वैशाख*

निजगढ नगरपालिका क्षेत्रमा वर्षौंदेखि बसोबास गर्दै आएका भूमिहीन दलित, भूमिहीन सुकुम्वासी तथा अव्यवस्थित बसोबासीमाथि डोजर चलाउने सरकारी तयारीको विरोध चर्किंदै गएको छ। 'संयुक्त सुकुम्वासी अव्यवस्थित भूमि संरक्षण संघर्ष समिति, निजगढ बारा' ले सरकारको कदमलाई "राज्य आतंक" को संज्ञा दिँदै आन्दोलन घोषणा गरेको छ भने उक्त आन्दोलनमा नेपाल कम्युनिष्ट पार्टी (एमाले) निजगढ नगर कमिटीले समेत ऐक्यबद्धता जनाएको छ।




हजारौं विपन्न परिवारको आश्रय संकटमा पर्ने अवस्था सिर्जना भएको छ।

संघर्ष समितिद्वारा जारी प्रेस विज्ञप्तिमा वर्षौंदेखि बसोबास गर्दै आएका गरिब, भूमिहीन तथा सुकुम्वासी नागरिकलाई विस्थापित गर्न खोज्नु अमानवीय, अलोकतान्त्रिक तथा गैरजिम्मेवार कदम भएको उल्लेख गरिएको छ। विज्ञप्तिमा "गरिबी हटाउने नाममा गरिब नै हटाएर उच्च घरानियाहरूको मुलुक बनाउन खोजिएको" भन्दै सरकारप्रति गम्भीर प्रश्न उठाइएको छ।

समितिले विभिन्न सरकारी निकायमार्फत बस्ती खाली गराउन पत्राचार गर्ने, डोजर चलाउने चेतावनी दिने तथा त्रासपूर्ण वातावरण सिर्जना गरिएको आरोप लगाएको छ। संघर्ष समितिका अनुसार यस्तो कदमले

राज्यको विभेदपूर्ण व्यवहारविरुद्ध संघर्ष समितिले आगामी वैशाख २५ गते दिउँसो १२ बजे निजगढको सहिदचोकमा शान्तिपूर्ण जनप्रदर्शन गर्ने घोषणा गरेको छ। आन्दोलनमा स्थानीय बासिन्दा, सुकुम्वासी परिवार तथा विभिन्न राजनीतिक र सामाजिक संघसंस्थाको सहभागिता रहने जनाइएको छ।

उक्त आन्दोलनप्रति एमाले निजगढ नगर कमिटीले पनि समर्थन जनाएको छ। नगर कमिटी अध्यक्ष तिलक घलानद्वारा जारी विज्ञप्तिमा भूमिहीन तथा अव्यवस्थित बसोबासीको उचित व्यवस्थापन गर्नु राज्यको दायित्व भएको उल्लेख गर्दै "जनताको समस्या समाधान गर्नुको सट्टा डोजर र त्रासको राजनीति गर्नु गलत भएको" बताइएको छ।

एमालेले आन्दोलनलाई जनताको आधारभूत अधिकार, सम्मानजनक बसोबास तथा सामाजिक न्यायको पक्षमा भएको संघर्षका रूपमा व्याख्या गरेको छ। साथै आफ्ना नेता, कार्यकर्ता तथा शुभेच्छुकलाई आन्दोलनमा सहभागी हुन आह्वान गरिएको छ।

स्थानीयवासीहरूले वर्षौंदेखि बसोबास गर्दै आएका नागरिकलाई वैकल्पिक व्यवस्थाविना हटाउन खोज्नु अन्यायपूर्ण भएको बताएका छन्। उनीहरूले सरकारसँग भूमिहीन तथा सुकुम्वासी समस्या दीर्घकालीन रूपमा समाधान गर्न आग्रह गरेका छन्।

यस घटनाले भूमिसम्बन्धी नीति, सुकुम्वासी व्यवस्थापन तथा स्थानीय तहमा राज्यको भूमिकाबारे पुनः बहस सुरु गराएको छ।

# प्रसौनी गाउँपालिकाद्वारा अतिक्रमण हटाउन २१ दिने अल्टिमेटम

*शु. आ. सम्बाददाता*
*बारा, २४ वैशाख*

प्रसौनी गाउँपालिका ले सार्वजनिक तथा सरकारी जग्गामा गरिएको अतिक्रमण हटाउन २१ दिने सूचना जारी गरेको छ। गाउँपालिकाले सार्वजनिक सूचना प्रकाशित गर्दै निर्धारित समयभित्र स्वेच्छाले अतिक्रमण हटाउन सम्बन्धित सबै पक्षलाई आग्रह गरेको हो।




गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत नविन कुमार श्रीवास्तवद्वारा जारी सूचनामा नेपाल सरकार मन्त्रिपरिषद्को २०८२ चैत १३ गतेको बैठकबाट स्वीकृत "शासकीय सुधार सम्बन्धी एक सय कार्यसूची" अन्तर्गत बुँदा नम्बर ९२ कार्यान्वयनका लागि अभियान सञ्चालन गरिएको उल्लेख गरिएको छ।

सूचनाअनुसार गाउँपालिका क्षेत्रभित्र रहेका सार्वजनिक तथा सरकारी जग्गा, सडक, नाला, ऐलानी, पर्ती, पार्क, गौचर, विद्यालय क्षेत्र, सार्वजनिक पोखरी, मस्जिद, मोखतम, मदरसा, इदगाह, बजार क्षेत्र, मठमन्दिर, इनार तथा खुला क्षेत्र वरिपरि निर्माण गरिएका टहरा, घर, घेरा लगायतका संरचना हटाउन निर्देशन दिइएको छ। गाउँपालिकाले सूचना प्रकाशन भएको मितिले २१ दिनभित्र अतिक्रमण हटाई सम्बन्धित जग्गा खाली गर्न आग्रह गरेको छ। तोकिएको अवधिभित्र अतिक्रमण हटाइएको नदेखिए गाउँपालिकाले स्वयं डोजर प्रयोग गरी संरचना हटाउने तथा त्यसमा लाग्ने सम्पूर्ण खर्च सम्बन्धित अतिक्रमणकर्ताबाट असुल गरिने चेतावनी समेत दिएको छ।

गाउँपालिकाले सार्वजनिक सम्पत्तिको संरक्षण, सडक तथा नालाको अवरोध हटाउने, सार्वजनिक उपयोगका क्षेत्र खुला राख्ने तथा दीर्घकालीन रूपमा व्यवस्थित बस्ती विकास गर्ने उद्देश्यले अभियान सञ्चालन गरिएको जनाएको छ। स्थानीयवासीले भने अतिक्रमण हटाउने कार्य निष्पक्ष र मानवीय ढंगले हुनुपर्ने बताएका छन्। कतिपय स्थानमा वर्षौंदेखि बसोबास गर्दै आएका परिवारको उचित व्यवस्थापनबिना हटाउने प्रयास भए विवाद उत्पन्न हुन सक्ने स्थानीयको भनाइ छ।

पछिल्लो समय मधेश प्रदेशका विभिन्न स्थानीय तहले सार्वजनिक तथा सरकारी जग्गा संरक्षण अभियान तीव्र बनाइरहेका छन्। यसक्रममा प्रसौनी गाउँपालिकाले पनि सार्वजनिक सम्पत्ति अतिक्रमणमुक्त बनाउने अभियानलाई प्राथमिकताका साथ अघि बढाएको जनाएको छ।

**जनहितमा जारी सन्देश**

घरेलु हिंसा, बलात्कार, कुटपिट, बोक्सी आरोपमा गाउँ निकाला, दाइजो प्रथा, बहुविवाह, बालविवाह, जबरजस्ती करणी, र अन्य मानसिक तथा शारीरिक यातना, अपहेलना र धम्क्याउनेदेखि जिस्क्याउने कार्य सामाजिक तथा कानूनी अपराध हुन्। कोही कसैबाट त्यस्ता कार्य भए तत्काल स्थानीय जनप्रतिनिधि, न्यायिक समिति तथा प्रहरीमा खबर गरौं।

आदर्श कोतवाल गाउँपालिका परिवार
मधेश प्रदेश, बारा

**फतुवा विजयपुर नगरपालिका द्वारा जनहितमा जारी सन्देश**

- नगरपालिका लाई बुझाउनु पर्ने घर, जग्गा कर मालपोत दस्तुर ब्यावसाय कर लगायत कर नियमित गरौं।
- घटना घटेको ३५ दिनभित्र ब्यक्तिगत घटना दर्ता गरौं।
- भवन निर्माण मापदण्ड २०६४ र भवन सहिता नगरपालिकामा नक्सा पास गरेर मात्र घर निर्माण गरौं।
- सार्वजनिक सम्पत्ति संर क्षणमा नगरपालिकालाई सहयोग गरौं।
- आफ्नो घर आँगनबाट उतपन्न हुने फोहोरलाई उचित ब्यवस्थापन गरि सफा र सुन्दर नगरपालिका बनाउन सहयोग गरौं।

फतुवा विजयपुर नगरपालिकाको कार्यालय लक्ष्मिनिया (दो.) रौतहट

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ। - बहुदरमाई नगरपालिका पर्सा

# मधेशमा सुशासनको नयाँ अभ्यासः मन्त्री राजकुमार गुप्ताद्धारा योजना चिठ्ठी वितरणको पुरानो बेथिति अन्त्य

*शु. आ. सम्बाददाता*
*रौतहट, २४ बैशाख*

मधेश प्रदेशको भौतिक पूर्वाधार विकास मंन्त्रालयमा वर्षौंदेखि जरा गाडेर बसेको सेटिङ र कमिसन संस्कृतिलाई तोड्न वर्तमान मंन्त्री राजकुमार गुप्ताले कडा कदम चालेका छन्। विगतमा मन्त्रालय, सचिवालय र मंन्त्री निवासबाटै बिचौलियामार्फत योजनाका चिट्ठी बाँड्ने गरिँदै आएको विकृत परिपाटीलाई मंन्त्री गुप्ताले पूर्ण रूपमा रोक लगाएका हुन्।

विगतका कार्यकालहरूमा भौतिक पूर्वाधार विकास मंन्त्रालयले गम्भीर आरोपहरू खेप्दै आएको थियो। जनकपुरस्थित मंन्त्रालय मंन्त्रीको सचिवालय र निवासलाई केन्द्र बनाएर दलाल र बिचौलियाहरूले योजनाको चिठ्ठी बार्गेनिङ गर्ने गरेको गुनासो आम नागरिक र राजनीतिक वृत्तमा व्यापक थियो। अघिल्ला मंन्त्रीहरूको समयमा योजनाका चिठ्ठीहरू सम्बन्धित जिल्ला कार्यालय पुग्नुअघि नै चिया पसल र होटलहरूमा कमिसनको आधारमा किनबेच हुने गरेको तथ्यहरू सार्वजनिक भएका थिए।

नेकपा एमाले, नेपाली कांग्रेस र अन्य दलका पूर्वमंन्त्रीहरूको पालामा १० देखि २५ प्रतिशतसम्म कमिसन लिएर योजना वितरण हुने गरेको भन्दै चर्को आलोचना हुने गरेको थियो, जसले प्रदेश सरकारको सुशासनको नारालाई नै गिज्याइरहेको थियो।

वर्तमान मंन्त्री राजकुमार गुप्ताले मंन्त्रालयको जिम्मेवारी सम्हालेलगत्तै उक्त बेथिति अन्त्य गर्न नयाँ कार्यविधि लागू गरेका छन्। मंन्त्रालयबाट विनियोजन भएका सबै योजनाका चिट्ठीहरू अब मंन्त्रालय वा सचिवालयबाट वितरण गरिने छैन। ती चिट्ठीहरू सिधै मधेश प्रदेशका आठवटै जिल्ला रौतहट, बारा, पर्सा, सर्लाही, धनुषा, महोत्तरी, सिरहा र सप्तरीका पूर्वाधार विकास कार्यालयहरूमा पठाइएको छ।



मंन्त्री गुप्ताले स्पष्ट पारेका छन्, अब कुनै पनि योजनाको चिठ्ठी दलाल वा बिचौलियाको हातमा पर्ने छैन। योजना चिठ्ठी कुनै उपहार वा बिक्रीको वस्तु होइन, मंन्त्री गुप्ताले भने, सम्बन्धित कार्यालयमार्फत कानुनी प्रक्रिया पूरा गरेर मात्र योजनाहरू कार्यान्वयनमा जानेछन्। मंन्त्रालय वा मेरो निवासमा आएर कसैले योजनाको लागि दबाब दिने वा आर्थिक चलखेल गर्ने दिन अब सकिए।

मंन्त्री गुप्ताले सबै जिल्लाका कार्यालय प्रमुखहरूलाई निर्देशनात्मक चेतावनी दिँदै योजना कार्यान्वयनमा कुनै पनि प्रकारको अनियमितता वा कमिसनको खेल नगर्न निर्देशन दिएका छन्। उनले भनेका छन्, यदि कसैले योजना चिठ्ठी बिक्री गरेको वा भ्रष्टाचार गरेको पाइएमा उसलाई कुनै हालतमा छोडिने छैन, कडा कानुनी कारबाहीको दायरामा ल्याइनेछ। सुशासनका अतिरिक्त मंन्त्री गुप्ताले मधेश प्रदेशमा वर्षौंदेखि अलपत्र परेका पुल पुलेसा र सडक आयोजनाहरूलाई पूर्णता दिन विशेष सक्रियता देखाएका छन्। विशेष गरी अधुरा रहेका पुलहरूको निर्माण सम्पन्न गर्ने र बाँकी रहेका क्षेत्रमा सडक सञ्जाल विस्तारलाई उनले प्राथमिकतामा राखेका छन्।

मंन्त्रालयको कार्यशैलीमा आएको यो पारदर्शी परिवर्तनले आम नागरिकमा सरकारप्रतिको विश्वास बढाएको छ। विगतको कमिसन संस्कृति तोडिनु र योजना वितरण प्रक्रिया पारदर्शी हुनुलाई मधेशमा सुशासनतर्फको एउटा ऐतिहासिक सुरुवातका रूपमा विश्लेषण गरिएको छ।

# अवैध उत्खनन प्रकरणपछि फायरलाइन निर्माणमा प्रयोग गरिएको दाबी विवादित

*हरिकिशोर शर्मा*
*पर्सा, २२ बैशाख*

डिभिजन वन कार्यालय पर्सा र साझेदारी वन उपभोक्ता समूहको मिलेमतोमा जङ्गल क्षेत्रभित्र अवैधरूपमा नदीजन्य पदार्थ उत्खनन भइरहेको विषय सार्वजनिक भएपछि सम्बन्धित निकायले उक्त कार्य रोक्न बाध्य भएको छ। वैशाख २० गते सञ्चारमाध्यममा समाचार प्रकाशित भएपछि डिभिजन वन कार्यालय पर्साले आइतबारदेखि उत्खनन कार्य बन्द गराएको हो।

यसै विषयलाई लिएर सोमबार गादीमाई साझेदारी वन उपभोक्ता समूहले पत्रकार सम्मेलन आयोजना गर्दै आफ्नो धारणा सार्वजनिक गरेको छ। पत्रकार सम्मेलनमा समूहका अध्यक्ष सहरुम राउत गद्दीले करिब १० लाख रुपैयाँ लागतमा निर्माण भइरहेको फायरलाइनका लागि ठेक्का परेको खोलाबाट ग्राभेल निकालिएको दाबी गरेका थिए। उनका अनुसार फायरलाइन निर्माण कार्यका लागि आवश्यक सामग्री प्रयोग गरिएको हो। तर, उक्त कार्यको जिम्मा लिएको गोलु कन्स्ट्रक्शन पक्षले भने आफ्नो दाबी पुष्टि गर्ने पर्याप्त प्रमाण प्रस्तुत गर्न सकेन। कन्स्ट्रक्शन सञ्चालकले दुई सय टिप ग्राभेल प्रयोग गरिएको र प्रतिटिप सात सय रुपैयाँका दरले रसिद काटिएको बताएका थिए। तर पत्रकार सम्मेलनमा जम्मा २५ टिपको मात्र रसिद प्रस्तुत गरिएको थियो। बाँकी करिब १७५ टिपको रसिद घरमा रहेको दाबी गरिए पनि तत्काल प्रमाण देखाउन नसक्दा घटनाप्रति थप शंका उत्पन्न भएको छ। स्थानीयले यसलाई आर्थिक अनियमितता र अवैध उत्खनन लुकाउने प्रयासका रूपमा हेरेका छन्।



वनशक्तिमाई मन्दिर क्षेत्रदेखि वसन्तपुर सबडिभिजन वन कार्यालयसम्मको फायरलाइन मार्ग मर्मत तथा ग्राभेल व्यवस्थापनका नाममा खोलाबाट अवैधरूपमा नदीजन्य पदार्थ निकालिएको आरोप यसअघि नै उठ्दै आएको थियो। स्थानीय स्रोतका अनुसार एक्साभेटर प्रयोग गरी एक दर्जनभन्दा बढी ट्याक्टरमार्फत सामग्री उत्खनन गरी सडकमा खसाल्ने काम भइरहेको थियो। विशेषज्ञहरूका अनुसार खोलाबाट एक्साभेटरजस्ता भारी उपकरण प्रयोग गरेर नदीजन्य पदार्थ उत्खनन गर्नु प्रचलित कानूनविपरीत मानिन्छ। वातावरणीय सन्तुलन बिग्रने, नदीको बहाव परिवर्तन हुने तथा भूक्षय बढ्ने जोखिमका कारण यस्ता गतिविधिमा कडाइ गरिएको हुन्छ।

तर सम्बन्धित निकायकै संरक्षणमा उत्खनन भइरहेको स्थानीयको आरोपपछि डिभिजन वन कार्यालय पर्साले अन्ततः कार्य रोक्न निर्देशन दिएको हो। यद्यपि यस प्रकरणमा कसको संलग्नता थियो र कति मात्रामा सामग्री उत्खनन भयो भन्ने विषयमा हालसम्म स्पष्ट विवरण सार्वजनिक गरिएको छैन।

पत्रकार सम्मेलनमार्फत साझेदारी वनका अध्यक्ष गद्दीले कन्स्ट्रक्शन पक्षको बचाउ गर्ने प्रयास गरे पनि ठोस प्रमाण अभावका कारण अनियमितताको आशंका झन् बलियो बनेको स्थानीयको भनाइ छ।

यस घटनाले वन क्षेत्रभित्र हुने निर्माण कार्य, नदीजन्य पदार्थको प्रयोग तथा वन स्रोतको संरक्षणमा सम्बन्धित निकायको निगरानी कति प्रभावकारी छ भन्ने विषयमा गम्भीर प्रश्न खडा गरेको छ। स्थानीय सरोकारवालाहरूले घटनाको निष्पक्ष छानबिन गरी दोषीमाथि कारबाही गर्न माग गरेका छन्।

# गौर आँखा अस्पताल जाने मुख्य सडक जलमग्नः बिरामी र स्थानीयलाई सास्ती, निकास खोज्न जोडदार माग

*शु. आ. संवाददाता*
*रौतहट, २४ बैशाख*

मधेस प्रदेशको पुरानो तथा ऐतिहासिक सहर गौरको वडा नं. ८ पुरेनवामा रहेको गौर आँखा अस्पताल जाने मुख्य बाटो बर्खा नलाग्दै जलमग्न बनेपछि स्थानीय र बिरामीहरूले चरम सास्ती भोग्नुपरेको छ।

ऐतिहासिक पुरेनवा दरबार र गौर आँखा अस्पताललाई जोड्ने अस्पतालको मूल ढोका अगाडिको सडकमा सामान्य वर्षा हुँदा पनि ठूलो परिमाणमा पानी जम्ने गरेको छ। सडकको उचित निकास र ढलको व्यवस्था नहुँदा आकाशे पानी सडकमै थुप्रिएर पोखरीको रूप लिने गरेको हो।



नेपालकै प्रतिष्ठित आँखा उपचार केन्द्रमध्येको एक गौर आँखा अस्पतालमा दैनिक सयौंको संख्यामा बिरामीहरू उपचारका लागि आउने गर्दछन्। आँखाको समस्या भएका र शल्यक्रिया गराएका वृद्धवृद्धा तथा बिरामीहरूका लागि हिलो र पानीले भरिएको यो बाटो हिँड्नु निकै कष्टकर र जोखिमपूर्ण बनेको छ।

अस्पतालको मुख्य प्रवेशद्वारमै पानी जमेर आहाल बनेपछि एम्बुलेन्स, रिक्सा र अन्य सवारी साधनहरूलाई समेत कार्यालय र अस्पताल परिसरभित्र छिर्न निकै कठिन हुने गरेको स्थानीयहरू बताउँछन्।

पुरेनवा दरबार जस्तो ऐतिहासिक धरोहर र संवेदनशील स्वास्थ्य संस्थालाई जोड्ने यो बाटोको यस्तो बिजोग हुनु दुखद भएको स्थानीय बासिन्दाहरूको गुनासो छ। वर्षौंदेखि यो समस्या जस्ताको तस्तै रहे पनि सम्बन्धित निकायले ध्यान नदिएको भन्दै उनीहरू आक्रोशित बनेका छन्। सामान्य पानी पर्दा पनि यहाँ पोखरी जम्छ। बिरामीहरू लड्ने र भिज्ने अवस्था छ, एक स्थानीयले भने सम्बन्धित निकायलाई पटक-पटक आग्रह गर्दा पनि समस्या समाधानको पहल भएको छैन। बाटोमा जमेको पानीले जनजीवन प्रभावित पारेपछि पुरेनवाका स्थानीयहरूले सडक मर्मत र पानी निकासको स्थायी व्यवस्था मिलाउन गौर नगरपालिका तथा जिल्ला प्रशासन लगायतका सम्बन्धित निकायहरूसँग जोडदार माग गरेका छन्।

बर्खायाम सुरु हुनै लाग्दा अहिलेको यो अवस्थाले भविष्यमा झन् ठूलो समस्या निम्त्याउने भन्दै तत्काल नाला निर्माण र सडक स्तरोन्नति गर्न स्थानीयको दबाब छ। अस्पताल जस्तो संवेदनशील क्षेत्रमा जाने बाटोलाई उच्च प्राथमिकतामा राखेर ढल निकासको व्यवस्था गर्नुपर्ने उनीहरूको तर्क छ।

# दलित बालबालिकालाई शैक्षिक सामग्री वितरण

*राजन कुमार बानिया*
*पर्सा, २४ बैशाख*

पर्सा जिल्लाका दलित तथा सीमान्तकृत समुदायका बालबालिकालाई लक्षित गर्दै शैक्षिक सामग्री, खाद्यान्न तथा भोजन वितरण कार्यक्रम सम्पन्न गरिएको छ। बौधिसत्व बिहार को आयोजनामा कौवाबन र केहुनिया बिन्दबासनी गाउँका बालबालिकालाई सहयोग सामग्री वितरण गरिएको हो।



कार्यक्रममा प्रमुख अतिथिका रूपमा सहभागी डाक्टर पिया रतन महर्जनले दलित तथा विपन्न समुदायका बालबालिकाको शिक्षामा पहुँच बढाउन सहयोग गर्नु समाजको साझा दायित्व भएको बताए। आयोजक संस्थाले विगत केही वर्षदेखि मधेश प्रदेशका विभिन्न जिल्लामा दलित तथा सीमान्तकृत बालबालिकालाई कापीकलम, न्यानो कपडा, शैक्षिक सामग्री तथा मानवीय सहयोग उपलब्ध गराउँदै आएको जनाएको छ।

पर्साको सखुवाप्रसौनी गाउँपालिका-३ कौवाबनस्थित मुसहर बस्तीका १२० जना बालबालिकालाई कापी, कलम, चाउचाउ, बिस्कुट वितरण गर्नुका साथै खाना खुवाइएको थियो। त्यसैगरी वीरगञ्ज महानगरपालिका-१९ केहुनिया बिन्दबासनी गाउँका २०० जना बालबालिकालाई विद्यालय ब्याग, कापीकलम, चाउचाउ तथा बिस्कुट वितरण गरिएको आयोजकले जनाएको छ।

कार्यक्रममा स्थानीय अभिभावक, शिक्षक, समाजसेवी तथा विभिन्न संघसंस्थाका प्रतिनिधिहरूको सहभागिता रहेको थियो। सहभागीहरूले यस्ता कार्यक्रमले आर्थिक रूपमा कमजोर परिवारका बालबालिकालाई शिक्षाप्रति प्रेरित गर्नुका साथै विद्यालय जाने वातावरण बनाउन सहयोग पुग्ने बताएका छन्। आयोजक संस्थाले शिक्षा प्रत्येक बालबालिकाको मौलिक अधिकार भएको उल्लेख गर्दै दलित तथा सीमान्तकृत समुदायका बालबालिकालाई शिक्षामा पहुँच बढाउन आगामी दिनमा पनि सहयोगलाई निरन्तरता दिने जनाएको छ। साथै शैक्षिक चेतना अभिवृद्धि तथा बालबालिकाको पठनपाठन सुधारका लागि थप कार्यक्रम सञ्चालन गरिने जानकारी दिइएको छ।

कार्यक्रमको स्थानीय सहजीकरण पिसफोर दलित्स फाउन्डेसन नेपाल का अध्यक्ष मनोज रामले गरेका थिए। कार्यक्रममा फाउन्डेसनका सचिव दीपेन्द्र राम, सदस्य विनोद रामलगायतको उपस्थिति रहेको थियो। यस अवसरमा सुभद्र देवी थिनको जन्मदिन समेत बालबालिकासँगै मनाइएको आयोजकले जनाएको छ। सहयोग सामग्री पाएपछि बालबालिकाहरू उत्साहित देखिएका थिए भने स्थानीय समुदायले यस्ता मानवीय तथा शैक्षिक कार्यक्रमलाई निरन्तरता दिन आग्रह गरेका छन्।

**यमुनामाई गाउँपालिका द्वारा जनहितमा जारी सन्देश**

- गाउँपालिकालाई बुझाउनु पर्ने घर, जग्गा कर  मालपोत दस्तुर ब्यावसाय कर लगायत कर नियमित गरौं ।
- घटना घटेको ३५ दिनभित्र ब्यक्तिगत घटना दर्ता गरौं ।
- भवन निर्माण मापदण्ड २०६४ र भवन सहिता गाउँपालिकामा नक्सा पास गरेर मात्र घर निर्माण गरौं ।
- सार्वजनिक सम्पत्ति संरक्षणमा गाउँपालिकालाई सहयोग गरौं ।
- आफ्नो घर आँगनबाट उतपन्न हुने फोहोरलाई उचित ब्यवस्थापन गरि सफा र सुन्दर गाउँपालिका बनाउन सहयोग गरौं ।

**यमुनामाई गाउँपालिकाको कार्यालय, सरूअठा, रौतहट**

**तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - बृन्दाबन नगरपालिका**